कृषि बीमालेख नं. १
जारी मितिः२०७९।११।१८

**...............................इन्स्योरेन्स कम्पनी लिमिटेड**

# खाद्यान्न बाली बीमालेख

(उत्पादनमा आधारित)

यस बीमालेखमा उल्लेख भएको खाद्यान्न बालीमा हुने क्षति विरूद्ध बीमा गर्नको लागि बीमितले बीमाशुल्क भुक्तानी गरेको हुनाले द्विपक्षीय बीमा करारको रूपमा ..........बीमा कम्पनी (बीमक) ले यो बीमालेख जारी गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. बीमालेखको नाम र प्रारम्भः (१) यस बीमालेखको नाम "खाद्यान्न बाली बीमालेख" रहेको छ।

(२) यो बीमालेख बीमितले बीमाशुल्क भुक्तानी गरेपश्चात प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा,

(क) **"अप्रत्यक्ष क्षति"** भन्नाले बीमा गरिएको जोखिमको कारणले हुने अप्रत्यक्ष वा एउटा घटनाको परिणामस्वरूप हुने अन्य क्षति सम्झनु पर्छ।

(ख) **"अभिलेख"** भन्नाले यस बीमालेखमा उल्लेख भएको खाद्यान्न बाली खेतीको लागि आवश्यक पर्ने बीउविजन, बालीको जात, रोपण विधि, मलजल एवम् नियमित रूपमा खेत तथा बारीको व्यवस्थापन आदिका लागि तयार गरिएको अभिलेख सम्झनु पर्छ।

(ग) **"उचित स्याहार"** भन्नाले यस बीमालेखको खाद्यान्न बालीको प्राविधिक व्यवस्थामा उल्लेख भएका प्रावधानहरूको परिपालन गरिएको सम्झनु पर्छ।

(घ) **"खाद्यान्न बाली"** भन्नाले यस बीमालेखमा उल्लेख भए बमोजिम गरिने धान, मकै, गहुँ, जौ, र कोदो बाली सम्झनु पर्छ।

(ङ) **"दावी"** भन्नाले बीमा गरिएको वस्तुको क्षति बापत बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।

(च) **"दुर्घटना"** भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र सांघातिक, आकस्मिक र अप्रत्यासित घटना सम्झनु पर्छ।



CamScanner

(छ) **"प्राविधिक"** भन्नाले एस.एल.सी वा सो सरहको परीक्षा उत्तिर्ण गरी कृषि विज्ञानमा कम्तीमा एक वर्षको तालिम प्राप्त वा कृषि विज्ञान विषय लिई टी.एस.एल.सी. उत्तीर्ण गरेको वा कृषि विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा सोभन्दा माथिल्लो योग्यता प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ज) **"प्राविधिक जाँच सिफारिस"** भन्नाले बीमा गर्न प्रस्तावित खाद्यान्न बाली बीमायोग्य छ वा छैन भनी कृषि प्राविधिकद्वारा अध्ययन, अवलोकन गरी सिफारिस गर्ने कार्य सम्झनु पर्छ।

(झ) **"बीमक"** भन्नाले बीमा ऐन, २०७९ बमोजिम बीमा व्यवसाय गर्न इजाजतपत्र प्राप्त बीमा कम्पनी सम्झनु पर्छ।

(ञ) **"बीमा अवधि"** भन्नाले बीमालेखको अनुसूचीमा उल्लेख भए अनुसार बीमा जोखिम स्वीकार गरिने अवधि सम्झनु पर्छ।

(ट) **"बीमाङ्क रकम"** भन्नाले बीमालेख बमोजिम खाद्यान्न बालीको रक्षावरण गरिएको रकम सम्झनु पर्छ।

(ठ) **"बीमालेख"** भन्नाले बीमकले जारी गर्ने खाद्यान्न बालीको जोखिम स्वीकार गरी बीमितलाई जारी गरेको बीमाको लिखत सम्झनु पर्छ र सो शब्दले रसिद, प्रस्ताव फाराम, अनुसूची, तालिका लगायत बीमालेखसंग संलग्न कागजातहरू सम्झनु पर्छ।

(ड) **"बीमाशुल्क"** भन्नाले बीमालेखमा उल्लेख गरिएको खाद्यान्न बालीको बीमा गर्दा प्रतिफलको रूपमा बीमितबाट एकमुष्ठ वा किस्ताबन्दी रूपमा बीमकले लिने रकम सम्झनु पर्छ।

(ढ) **"बीमित"** भन्नाले बीमा गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ र सो शब्दले बीमालेखबाट लाभ लिन पाउने अधिकार भएको व्यक्तिलाई समेत जनाउँछ।

(ण) **"बीमा गरिएको वस्तु"** भन्नाले बीमालेखमा उल्लेख भए अनुसारको खाद्यान्न बालीको बीमा सम्झनु पर्छ।

(त) **"मूलभूत विवरण"** भन्नाले बीमा गरिएको वस्तुको जोखिमलाई फरक पार्न सक्ने महत्वपूर्ण विवरण सम्झनु पर्छ।

(थ) **"रक्षावरण"** भन्नाले बीमालेखमा उल्लेख भएको खाद्यान्न बालीको खेतीमा भएको क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि मञ्जुर गरेको अवस्था सम्झनु पर्छ।

(द) **"लापरवाही"** भन्नाले बीमितले बीमा गरिएको वस्तुको उचित स्याहार, हेरचाह र उपचार नगराएको वा जानाजान हानी गर्न खोजिएको अवस्था सम्झनु पर्छ।



CamScanner

(ध) **"क्षति"** भन्नाले कुनै घटना घटी वा विपत्ति परी वा जंगली जनावरको आक्रमणबाट वा रोग वा किरा लागी बीमा गरिएको वस्तुको हानी वा नोक्सानी भई, बिग्रिई, नष्ट वा नाश भई हुने आर्थिक क्षति सम्झनु पर्छ।

(न) **"क्षतिपूर्ति"** भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई प्रदान गर्ने दावी बापतको रकम सम्झनु पर्छ।

(प) **"क्षति मूल्याङ्कनकर्ता"** भन्नाले यस बीमालेखमा हुने क्षतिको मूल्याङ्कन गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(फ) **"क्षति मूल्याङ्कन प्रतिवेदन"** भन्नाले बीमक वा क्षति मूल्याङ्कनकर्ताले खाद्यान्न बालीको विरुवा वा बाला वा दुवै नास भई आर्थिक क्षति भएको भनी यकिन गरी दिएको प्रतिवेदनलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## रक्षावरण

३. रक्षावरणः (१) देहायका कारणबाट बीमा गरिएको खाद्यान्न बालीमा बीमा अवधिभित्र उल्लेखित क्षति भएमा बीमकले क्षतिपूर्ति प्रदान गर्नेछः

(क) अग्निजन्य क्षतिः

(१) आगलागी वा अग्नीको कारणले भएको क्षति।

(ख) हावाजन्य क्षतिः

(१) हुरीबतासको कारणले भएको क्षति,

(२) आँधिबेहरी वा तुफानको कारणले भएको क्षति।

(ग) पानीजन्य क्षतिः

(१) अतिवृष्टि वा बेमौसमी वर्षाको कारणले बिरुवा नष्ट भई अथवा बोट नष्ट भई भएको आर्थिक क्षति,

(२) असिना वा हिउँको कारणले भएको क्षति।

(३) बाढी वा डुवानको कारणले भएको क्षति।

(घ) मौसमजन्य क्षतिः

(१) खडेरीको कारणले भएको क्षति,

(२) तुसारोको कारणले भएको क्षति।

(ङ) भूमिजन्य क्षतिः

(१) भूकम्पको कारणले भएको क्षति,



CamScanner

(२) पहिरो वा भू-स्खलनको कारणले भएको क्षति ।

(च) चट्याङ्जन्य क्षति:

(१) चट्याङको कारणले भएको क्षति ।

(छ) रोग तथा किराजन्य क्षति:

(१) रोगको कारणले भएको क्षति,

(२) किराको कारणले भएको क्षति ।

(ज) आकस्मिक तथा दुर्घटनाजन्य बाह्य कारणहरुबाट हुने क्षति:

(१) जंगली जनावरको आक्रमण (खाएर वा कुल्चिएर वा माडेर वा खोस्रेर वा उधिनेर वा झारेर) बाट भएको क्षति ।

४. अतिरिक्त सुविधाः यस बीमालेखमा उल्लेख गरिएको बीमा अवधि भित्र देहायको अवस्था सिर्जना भएमा दुर्घटना बीमा बापत बीमाङ्क रकम रु.२,००,०००।- (अक्षरेपी दुई लाख रूपैयाँ) बीमकले बीमितलाई भुक्तानी गर्नेछः

(क) आत्महत्या बाहेक अन्य कुनै पनि दुर्घटनाको कारणले मृत्यु भएमा,

(ख) स्पाइनल इन्जुरीको कारण पुनः ठीक नहुने गरी रिढको हड्डी काम नलाग्ने भएमा,

(ग) एक वा दुबै हातको नाडी देखि माथि पूरै हात काम नलाग्ने भएमा,

(घ) एक वा दुबै खुट्टाको गोलीगाँठो देखि माथि पूरै खुट्टा काम नलाग्ने भएमा,

(ङ) दुवै आँखाको दृष्टि गुमेमा ।

## परिच्छेद-३
## अपवाद

५. अपवादः (१) यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कारणबाट हुने क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः

(क) अप्रत्यक्ष क्षतिः खाद्यान्न बालीबाट भएको क्षतिको कारणबाट हुने अन्य अप्रत्यक्ष क्षति भएमा,

(ख) अधिकार प्राप्त निकायबाट पुऱ्याइएको क्षतिः अधिकार प्राप्त निकायको आदेशमा खेती नष्ट गरिएमा,

(ग) विकिरणयुक्त पदार्थः विकिरणयुक्त पदार्थ वा विकिरणयुक्त फोहोर वा अवशेषको संसर्ग (कन्टामिनेशन) बाट क्षति भएमा,

(घ) आणविक, रासायनिक तथा जैविक हतियारः आणविक, रासायनिक तथा जैविक लगायत आम विनासकारी हतियारको प्रयोगबाट क्षति भएमा,



CS CamScanner

(ङ) युद्ध वा युद्ध सरहको अवस्थाः सैनिक विद्रोह, शक्ति अपहरण, घेराबन्दी वा युद्ध, आक्रमण, विदेशी सैन्य कारवाही वा कुनै युद्ध सरहको कारवाही वा गृहयुद्ध वा राजद्रोह वा सो सरहको अवस्थाको कारणले क्षति भएमा,

(२) अन्य क्षतिः देहायको कारणले भएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः-

(क) बीमा गरिएको वस्तु हराएमा वा चोरी भएमा ।

(ख) बीमितले वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले जानाजान वा मनोरञ्जनको उद्देश्य वा परीक्षण वा लापरवाहीको कारणले खाद्यान्न बालीमा क्षति पुऱ्याईएमा।

(ग) बीमितले वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले रिसइबीपूर्ण व्यवहारको कारणबाट खाद्यान्न बालीमा क्षति भएमा।

(घ) कुनै प्रकारको महामारीको प्रकोप भएको भनि निश्चित घेराबन्दी तोकेर सम्बन्धित अधिकार प्राप्त निकायबाट घोषणा भएको क्षेत्रमा बीमा गरिएको वस्तुको उक्त महामारीबाट क्षति भएमा।

(ङ) बीमितले प्रस्ताव फाराममा विवरण दिँदा झुठ्ठा विवरण दिएमा वा जोखिम मूल्याङकन गर्नका लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुठ्ठा कुरा उल्लेख गरेमा बीमक दावी प्रति उत्तरदायी हुने छैन।

(च) नेपाल सरकारबाट खाद्यान्न बालीको उन्मोचित वा सूचिकृत गरिएका जात वा रैथाने जात बाहेकका जातको बीउ प्रयोग गरिएमा।

(छ) खाद्यान्न बालीको जात अनुसारको सिफारिस क्षेत्र फरक पारी बाली लगाएमा।

## परिच्छेद-४
## बीमा सम्बन्धी शर्त

६. प्रस्ताव तथा स्वीकृतिः (१) बीमालेख जारी गर्नु पूर्व बीमितले अनुसूची-१ बमोजिमको प्रस्ताव फाराम पूर्ण रूपमा भरी बीमकलाई बुझाउनु पर्नेछ।

(२) प्रस्ताव फाराममा उल्लेख भएको विवरणमा फरक पारी बीमालेख जारी गर्न पाइने छैन।

७. प्राविधिक जाँच सिफारिसः (१) बीमकले पूर्णरूपमा भरेको प्रस्ताव फाराम प्राप्त गर्दा अनुसूची-२ बमोजिम सम्बन्धित प्राविधिकले बीमा गर्न प्रस्तावित खाद्यान्न बाली प्राविधिक रूपमा खेती योग्य वा बीमा योग्य छ वा छैन भनी प्राविधिक जाँच सिफारिसपत्र प्राप्त गरेको हुनु पर्नेछ।



CamScanner

(२) बीमालेख जारी भए पश्चात प्राविधिकले बीमा अवधि भित्र बीमा गर्न सिफारिस गरेको वस्तुको कम्तीमा एक पटक पुनः जाँच परीक्षण तथा निरीक्षण गरी सोको प्रतिवेदन अनुसूची-३ बमोजिम बीमकलाई दिनु पर्नेछ र बीमकले उक्त जाँच परीक्षणको प्रतिवेदन समेत बीमालेखसंग संलग्न गरी राख्नु पर्नेछ।

(३) प्राविधिकले बीमालेख जारी भए पश्चात बीमा गरिएको वस्तुको पुनः जाँच परीक्षण गर्दा बीमितले शर्तहरू पूरा गरेको रहेनछ भने बीमालेख स्वतः रद्ध हुनेछ।

८. बीमालेखमा प्रयोग भएका शब्दावलीको अर्थः (१) बीमालेख सहित बीमा प्रस्ताव फाराम, अनुसूची, तालिका, बीमाशुल्क भुक्तानी रसिदलाई एकमुष्ठ खाद्यान्न बाली बीमा करार वा बीमालेखको रूपमा बुझ्नु वा पढ्नु पर्नेछ र तिनलाई अलग्गै पढ्न, बुझ्न वा टुक्र्याएर बीमालेखको अर्थ लगाउन पाइने छैन।

(२) यस बीमालेखमा प्रयोग भएका विशेष प्राविधिक शब्दावलीको अर्थ परिभाषा खण्डमा उल्लेख भए बमोजिम हुनेछ।

९. बीमालेख रद्द हुने अवस्थाः देहायको अवस्थामा बीमकले बीमालेख रद्द गर्न सक्नेछ:

(क) बीमितले बीमालेखको शर्त उल्लंघन गरेको,
(ख) बीमाको मूलभूत विवरण ढाँटेको वा गलत ढंगले उल्लेख गरेको,
(ग) बीमा गरेको वस्तुलाई उचित स्याहार सम्भार नगरी गम्भ ीर लापरवाही गरेको,
(घ) बीमा गरेको वस्तु त्याग गरेको,
(ङ) गैरकानूनी तवरले बीमा गराएको,
(च) बीमा योग्य हित कायम नभएको,
(छ) बीमकले बीमाशुल्क बापतको रकम आफ्नो खातामा प्राप्त नगरी बीमालेख जारी गरेको।

(२) कुनै बीमितले उपनिर्देशन (१) बमोजिमको कुनै कार्य गरेको पाइएमा सोको प्रमाण समेत संलग्न गरी बीमालेख रद्द गर्न सक्नेछ।

तर, बीमालेख रद्द गर्नु अघि बीमकले बीमितलाई कम्तीमा सात दिनको लिखित स्पष्टीकरणको मौका दिनु पर्नेछ।

(३) बीमकले उपनिर्देशन (२) बमोजिम बीमालेख रद्द गरेको प्रमाण सहित पन्ध्र दिनभित्र प्राधिकरणमा जानकारी गराउनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमितले अनुरोध गरेमा बीमकले बीमालेख रद्द गर्नु पर्नेछ।

(५) उपनिर्देशन (४) बमोजिम बीमालेख खारेज गर्दा अनुदान प्राप्त नहुने बीमितलाई बाँकी अवधिको समानुपातिक बीमाशुल्क फिर्ता गर्नु पर्नेछ र अनुदान प्राप्त हुने बीमितलाई कुनै रकम फिर्ता गर्नुपर्ने छैन।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वास्तविक मूल्यभन्दा बढी रकमको बीमाङ्क कायम गरी बीमा गराएको बीमालेख स्वतः रद्द हुनेछ र बीमकले सोको जानकारी प्राधिकरणलाई तुरून्त दिनु पर्नेछ।



CamScanner

१०. योगदानः (१) यस बीमालेखबाट बीमा गरिएको खाद्यान्न बालीको पूरा वा केही अंश अर्को कुनै पनि बीमालेखद्वारा बीमा गर्न पाइने छैन।

(२) कुनै कारणवश बीमा गरिएको खाद्यान्न बालीको बीमा अन्य बीमकमा समेत भएको रहेछ र त्यस्तो खाद्यान्न बालीको आंशिक वा पूरा अंश दावी परेमा बीमकले आफ्नो भागको क्षतिपूर्ति रकम समानुपातिक रूपमा प्रदान गर्नेछ।

११. प्रत्यासनः- (१) बीमा गरिएको खाद्यान्न बालीको क्षति बापत बीमितले बीमक बाहेक अन्य पक्षबाट समेत क्षतिपूर्ति पाउने रहेछ भने बीमकबाट क्षतिपूर्ति प्राप्त गर्दा अन्य पक्षबाट क्षतिपूर्ति पाउने अधिकार बीमकलाई सुम्पनु पर्नेछ।

(२) उपनिर्देशन (१) बमोजिमको कार्य गर्नका लागि बीमितले बीमकलाई अनुमति दिनु पर्नेछ।

(३) उपनिर्देशन (१) बमोजिम अन्य पक्षबाट क्षतिपूर्ति प्राप्त गर्नका लागि बीमकले जुनसुकै समयमा पनि उपयुक्त र आवश्यक कारवाही गर्न सक्नेछ।

१२. स्वामित्व परिवर्तनः (१) बीमितले आफूले गरेको खाद्यान्न बाली खेतीको स्वामित्व परिवर्तन वा हस्तान्तरण गरेको खण्डमा बीमकलाई तीस दिन भित्र जानकारी गराउनु पर्नेछ।

(२) उपनिर्देशन (१) बमोजिम जानकारी प्राप्त भएपश्चात बीमकले तत्काल बीमालेखको निःशुल्क नामसारी गरिदिनु पर्नेछ।

१३. बीमालेखको पुनर्स्थापनाः खाद्यान्न बाली बीमालेख अन्तर्गत दावी परे पश्चात बाँकी बीमाङ्क रकमको पुनर्स्थापना गर्न पाइने छैन।

१४. बीमालेखको अवधिः (१) खाद्यान्न बाली बीमालेख जारी गर्दा घण्टा र मिनेटसमेत खुल्ने गरी समय उल्लेख गर्नुपर्नेछ।

(२) बीमालेख जारी भएको मिति र जोखिम प्रारम्भ भएको मिति फरक हुने गरी बीमालेख जारी गर्न पाइने छैन।

(३) बीमालेखको अवधि समाप्त हुने मितिको मध्यरात बाह्र बजे बीमा अवधि समाप्त हुनेछ।

(४) खाद्यान्न बालीको लागि बीमालेखको अवधि बालीको जात, सिफारिस क्षेत्र तथा पाक्ने दिनलाई आधार लिई अधिकतम एघार महिनासम्मको हुनेछ।

(५) रैथाने जातको हकमा बीमालेखको अवधि सम्बन्धित जिल्ला स्थित कृषि हेर्ने कार्यालय वा स्थानीय तहको सम्बन्धित शाखाले उक्त जात सो क्षेत्रमा प्रचलनमा रहेको तथ्य खुलाई सिफारिस गरे बमोजिमको हुनेछ।

(६) उपनिर्देशन (४) र (५) बमोजिमको व्यवस्थामा बाली कटानी पछि सात (७) दिनको अवधि थप हुनेछ।



CamScanner

(७) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमा अवधि समाप्त हुन लागेको सूचना जुनसुकै माध्यमबाट बीमितलाई दिन सक्नेछ।

१५. बीमकको कर्तव्य: यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरू बीमकले पालना गर्नुपर्नेछ:-

(१) बीमकले आफुले गर्ने खाद्यान्न बालीको बीमाङ्क खाद्यान्न बाली गणना तालिका अनुसार गर्नुपर्नेछ।

(२) बीमालेख जारी गर्नुपूर्व बीमा गरिएको वस्तु समेटिएको विभिन्न कोणबाट खिचिएको कम्तीमा पाँच वटा स्थिर फोटो र कम्तीमा एक मिनेटको भिडियो क्लिप प्रस्ताव फारामसँगै प्राप्त गरेको हुनु पर्नेछ।

(३) बीमितद्वारा पूर्ण रूपमा भरिएको प्रस्ताव फाराम प्राप्त भएपछि मात्र बीमा गर्नुपर्नेछ।

(४) बीमाङ्क गणना गर्दा कम वा बढी बीमाङ्क रकम कायम गरी बीमालेख जारी गर्नु हुँदैन।

(५) बीमालेखमा उल्लेख गरिएको बीमादरको आधारमा बीमाशुल्क गणना गर्नुपर्नेछ।

(६) खाद्यान्न बाली बीमालेख लिने बीमितको हकहित विरूद्ध कुनै क्षति पुऱ्याउनु हुँदैन।

(७) बीमकले यस बीमालेख बमोजिम खाद्यान्न बालीको लागि बीमा गर्दा शर्त पुरा नगरी बीमा गरेको रहेछ भने बीमकले दावीको समयमा शर्त पुरा नभएको भनि दावी अस्विकार गर्न पाउने छैन।

(८) बीमालेख जारी गर्दा वा बीमा दावी फछ्यौंट गर्दा आवश्यक पर्ने सम्पूर्ण विवरण तथा कागजात, फोटो तथा भिडियो आदि सुरक्षित रूपमा अभिलेख गरी राख्नु पर्नेछ।

(९) बीमकले बीमितलाई यस बीमालेखसंग सम्बन्धित आवश्यक तथ्याङ्क, अभिलेख, अनुसूची र सन्दर्भ सामग्रीको सम्पूर्ण जानकारी दिनुपर्नेछ।

१६. बीमितको दायित्वः (१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरूको बीमितले पूर्ण रूपले पालना गर्नु पर्नेछः

(२) बीमा गरिएको वस्तु वा विषयवस्तुको उचित स्याहार, रेखदेख, निगरानी, मर्मत सम्भार गर्नुका साथै क्षति हुनबाट बचाउन उपयुक्त सावधानीका उपायहरू अपनाउनु पर्नेछ।

(३) दावी, छानबिन, अनुसन्धान वा क्षति मूल्याङ्कनको क्रममा प्रहरी, बीमक तथा अन्य अधिकार प्राप्त निकायलाई पूर्णरूपमा सहयोग गर्नुपर्नेछ।

(४) दावी यकिन गर्नका लागि बीमितले आवश्यक प्रमाण जुटाउन बीमकलाई सहयोग गर्नुपर्नेछ।

१७. आंशिक बीमा गर्न नपाइनेः एकै क्षेत्रफलमा लगाइएको खाद्यान्न बालीको आंशिक रूपमा बीमा गर्न पाइने छैन।



CamScanner

परिच्छेद ५

## बीमाङ्क तथा बीमाशुल्क

१८. बीमाङ्क निर्धारणः (१) यस बीमालेख बमोजिम गरिने खाद्यान्न बालीको बीमाङ्क निर्धारणका लागि अनुसूची-४ मा भएको तालिकालाई आधार मान्नु पर्नेछ।

(२) यस बीमालेख अन्तर्गतका खाद्यान्न बालीको उत्पादनको आधारमा बीमा गर्नुपर्नेछ।

(३) बीमाङ्क रकम कायम गर्दा नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट पछिल्लो वर्ष प्रकाशित भएको **"STATISTICAL INFORMATION ON NEPALESE AGRICULTURE"** (नेपाली कृषि सम्बन्धी तथ्याङ्कीय जानकारी) मा भएको विवरणलाई आधार लिनु पर्नेछ।

१९. बीमाशुल्क गणना: (१) यस बीमालेख अनुसार जारी हुने खाद्यान्न बालीको बीमाशुल्क देहाय बमोजिम कायम हुनेछ।

(क) धान, मकै र गहुँ बालीको हकमा बीमाङ्क रकमको ५ (पाँच) प्रतिशतका दरले।

(ख) जौ र कोदो बालीको हकमा बीमाङ्क रकमको ३ (तीन) प्रतिशतका दरले।

(२) यस बीमालेख बमोजिम बीमाशुल्क गणना गर्दा अनुसूची-५ मा उल्लेख भएको खाद्यान्न बालीको विस्तृत विवरण तथा बीमाशुल्क गणना तालिका अनुसार उल्लेख गर्नुपर्नेछ।

(३) यस बीमालेखमा उल्लेख भएको दुर्घटना बीमा बापत बीमाशुल्क प्रति बीमित पाँच सय रूपैयाँ लाग्नेछ।

(४) एक वर्षभन्दा कम अवधिको बीमालेखको लागि समेत उपनिर्देशन (३) मा उल्लेख गरिएको दुर्घटना बीमा बापतको बीमाशुल्क लाग्नेछ।

(५) खाद्यान्न बाली खेतीको लागि प्रयोग हुने भौतिक संरचना वा सम्पत्तिको लागि बीमा प्राधिकरणबाट जारी सम्पत्ति बीमा निर्देशिका, २०७५ बमोजिम छुट्टै बीमा गर्नुपर्नेछ र यसमा अनुदानको व्यवस्था गरिएको छैन।

**उत्पादनका आधारमा खाद्यान्न बालीको बीमाशुल्क गणना तालिका**

| क्र.सं. | सुत्र | रकम |
|---|---|---|
| १ | खाद्यान्न बाली उत्पादन को बीमाङ्क = खाद्यान्न बाली लगाएको क्षेत्रफल (हेक्टर)×(.......)जिल्लाको उत्पादकत्त्व (मे.टन प्रति हेक्टरमा)×खाद्यान्न बालीको न्यूनतम समर्थन मूल्य, (समर्थन मूल्य नभएको हकमा बजार मूल्यमा वा पालिकाको सिफारिस ) | रू.... "क" |
| २ | धान, मकै र गहुँ बालीको बीमाशुल्क = क × बीमाङ्क रकमको ५% (पाँच प्रतिशत)<br>जौ र कोदो बालीको बीमाशुल्क = क × बीमाङ्क रकमको ३% (तीन प्रतिशत) | रू.... "ख" |
| ३ | प्रत्यक्ष छुट भएमा (ख को ......%)<br>नभएमा "०" राख्ने | रू.... "ग" |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४ | छुट पछिको रकम (ख – ग) | | | रू.... "घ" |
| ५ | नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम (घ को ..... %) | | | रू.... "ङ" |
| ६ | जम्मा बीमाशुल्क = घ – ङ | | | रू.... "च" |
| ७ | बीमितले दुर्घटना बीमा बापत तिर्नुपर्ने बीमाशुल्क | बीमितको सङ्ख्या "अ" | बीमाशुल्क (रु. ५००) "आ" | (अ × आ) रू.... "छ" |
| | | ......... | ......... | |
| ८ | बीमितले तिर्नुपर्ने कूल बीमाशुल्क रकम = च+छ | | | रू... |

द्रष्टव्यः- (१) उत्पादकत्व भन्नाले नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा प्रकाशित जिल्लाको बाली विशेषको अघिल्लो बर्षको उत्पादकत्वलाई बुझिनेछ।

(२) खाद्यान्न बालीको न्यूनतम समर्थन मूल्य भन्नाले नेपाल सरकारले सिफारिस गरेको बाली विशेषको अघिल्लो बर्षको न्यूनतम समर्थन मूल्यलाई बुझिनेछ। तर सिफारीस क्षेत्र नतोकिएको हकमा यो व्यवस्था लागू हुने छैन।

(३) न्यूनतम समर्थन मूल्य नतोकिएको खण्डमा किसानले उत्पादनस्थलमा पाउने मूल्यलाई बुझिनेछ।

२०. बीमाङ्क परिवर्तनः (१) बीमालेख जारी भईसके पश्चात बीमाङ्क रकम परिवर्तन गर्न पाइने छैन।

(२) बीमा अवधिभित्र बीमा गर्नुपर्ने खाद्यान्न बालीको क्षेत्रफल थप गर्नु परेमा त्यसरी थप गरिने खाद्यान्न बालीको लागि छुट्टै बीमालेख जारी गर्नुपर्नेछ।

२१. सामूहिक बीमाः- (१) खाद्यान्न बालीको बीमा सामूहिक रूपमा गर्न सकिनेछ।

(२) उपनिर्देशन (१) बमोजिम सामूहिक बीमालेख जारी गर्दा बीमालेख धारक संस्थाले प्रत्येक बीमितको छुट्टा छुट्टै प्रस्ताव फाराम भर्नु पर्नेछ।

(३) सामूहिक बीमालेख जारी गरेपश्चात बीमालेखधारक संस्थाले प्रत्येक बीमितको छुट्टाछुट्टै खाद्यान्न बाली गरिएको खेतीको अभिलेख कायम गर्नुपर्नेछ।

(४) सामूहिक रूपमा गरिएको खाद्यान्न बाली बीमाको हकमा बीमालेखमा आवद्ध प्रत्येक व्यक्तिको छुट्टाछुट्टै दुर्घटना बीमा गरेको हुनु पर्नेछ र सोको विस्तृत विवरण अनुसूची-६ बमोजिम राख्नुपर्नेछ।

(५) सामूहिक बीमा गर्ने प्रयोजनका लागि मात्र संस्था वा समूह गठन गर्न पाइने छैन।

२२. बीमाशुल्क भुक्तानीः- (१) बीमितले अनुदान बाहेकको बीमाशुल्क भुक्तानी गरेको रकम बीमकको बैंक खातामा जम्मा भएको प्रमाण बीमकले प्राप्त नगरेसम्म बीमालेख जारी गर्न पाइने छैन।

(२) उपनिर्देशन (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि अनुदानबाट प्राप्त हुने रकम कट्टा गरी बाँकी रकम बीमकको बैंक खातामा जम्मा भएको हुनु पर्नेछ।



CamScanner

## परिच्छेद-६

## बीमालेख सम्बन्धी प्राविधिक व्यवस्था

२३. पालना गर्नुपर्ने व्यवस्थाः (१) बीमितले खाद्यान्न बाली खेतीका लागि देहायका व्यवस्था पालना गरेको हुनुपर्नेछ।

(क) धान र कोदो बालीको हकमा रोपण गरेको तीस (३०) दिन भित्र बीमा गरिएको हुनुपर्नेछ भने मकै, गहुँ र जौ बालीको हकमा विउ छरेको सात (७) दिन पछि तीस (३०) दिन भित्र बीमा गरिएको हुनुपर्नेछ र देहायको तालिका बमोजिमको प्राविधिक व्यवस्था पालना गरेको हुनुपर्नेछ।

| खाद्यान्न बालीको नाम / विवरण | धान | मकै | गहुँ | जौ | कोदो |
|---|---|---|---|---|---|
| उचाई | समुन्द्र सतहबाट २६०० मीटर सम्म | समुन्द्र सतहबाट २१०० मीटर सम्म | समुन्द्र सतहबाट ३३०० मीटर सम्म | समुन्द्र सतहबाट ४००० मीटर सम्म | समुन्द्र सतहबाट ३००० मीटर सम्म |
| खेती हुने क्षेत्र | तराई देखि हुम्लाको सिंजा उपत्यका | तराई देखि उच्च पहाड | तराई देखि उच्च पहाड | तराई देखि हिमाल | तराई देखि उच्च पहाड |
| खेती लगाउने समय | चैते धानः फाल्गुन - चैत्र<br>बर्षे धानः जेष्ठ – श्रावण | उच्च पहाडः फाल्गुन - चैत्र<br>मध्य पहाड र वेशीः बैशाख -जेष्ठ<br>तराई तथा भित्री मधेशः बर्षेः बैशाख<br>हिउँदेः भाद्र - अश्विन<br>बसन्तेःफाल्गुन - चैत्र | पहाडः आश्विन - कार्तिक<br>तराईः कार्तिक - मंशिर | सिंचितः कार्तिक तेस्रो र चौथो हप्ता भित्र<br>असिंचितः कार्तिक पहिलो र दोस्रो हप्ता भित्र | (मिश्रित, रिले तथा एकल बालीको रुपमा)<br>उच्च पहाडः जेष्ठ - आषाढ<br>मध्य पहाडः आषाढ - श्रावण<br>तराईः श्रावण - भाद्र दोस्रो हप्ता |
| बालीको जात, बीउ दर र तयार हुन लाग्ने दिन | उन्मोचित तथा सूचिकृत खाद्यान्न बालीको जात छनौट गर्दा सम्बन्धित क्षेत्र, जग्गाको किसिम तथा समुन्द्र सतहदेखिको उचाईको आधारमा नेपाल सरकारको सम्बन्धित निकायबाट सिफारिस भएको जात र सो को विवरण अनुसारको हुनुपर्नेछ।<br>रैथाने वा प्रचलित जातको हकमा सम्बन्धित जिल्लास्थित कृषि हेर्ने कार्यलय वा स्थानिय तहको सम्बन्धित शाखाले सिफारिस गरे बमोजिमको हुनुपर्नेछ। | | | | |
| नर्सरी वा ब्याड (आवश्यकता परेमा मात्र) | भौगोलिक क्षेत्र अनुसारको हिले, धुले र अन्य सुधारिएको विधीबाट ब्याड राखिएको हुनुपर्नेछ। | | | | स्थानिय प्रचलित विधीलाई अवलम्बन गरीएको हुनुपर्नेछ। |
| बिरुवाको उमेर | ३० दिनसम्मको बिरुवा (कारण खुलाई १ हप्ता सम्म थप गर्न मिल्ने छ।) | | | | ३५ दिनसम्मको बिरुवा |
| मलखाद | सिंचित वा असिंचित जग्गाको आधारमा नेपाल सरकारको सम्बन्धित निकायबाट सिफारिस मलखादको प्रकार र मात्रालाई सम्भव भए सम्म अनुशरण गर्न सकिनेछ। | | | | |



CamScanner

| अति महत्त्वपूर्ण वृद्धिको अवस्था | गाँज हाल्ने अवस्था | घुँडासम्म उचाईको अवस्था | सहायक जरा पलाउने/गाँज हाल्ने अवस्था | सहायक जरा पलाउने/गाँज हाल्ने अवस्था | गाँज हाल्ने अवस्था |
|---|---|---|---|---|---|
| अन्य मुख्य वृद्धिका अवस्थाहरु | १. बेर्ना अवस्था<br>२ .बाला पोटाउने तथा फुल फुल्ने अवस्था<br>३.दानामा दुध भराईको अवस्था | १.धान चमरा निस्कने अवस्था<br>२. जुँगा निस्कने र परागसेचनको अवस्था<br>३.दानामा दुध भराईको अवस्था | १.बाला पोटाउने तथा फुल फुल्ने अवस्था<br>२.दानामा दुध भराईको अवस्था | १.बाला पोटाउने तथा फुल फुल्ने अवस्था<br>२.दानामा दुध भराईको अवस्था | १. फुल फुल्ने अवस्था |

(ख) बीमा गरिएको खाद्यान्न बालीमा कुनै रोग वा किरा लागेमा तत्काल आफ्नै खर्चमा उचित रेखदेख, स्याहार सम्भार तथा उपचार गराई सोको प्रमाण सुरक्षित रूपमा राख्नु पर्नेछ।

(ग) खाद्यान्न बालीको बीमा दावी लिइसकेपछि दावी गरिएको खाद्यान्न बालीको बोट तथा अवशेषहरूलाई अनिवार्य रूपमा उक्त स्थानबाट हटाएर व्यवस्थापन गरिएको हुनु पर्नेछ।

(घ) रोपणको लागि प्रयोग हुने बालीको जात, बिउको स्रोत, बिउ दर, नर्सरी/ब्याड राखेको बालीको हकमा नर्सरी/ब्याड राखेको मिति तथा खेती गर्दाका महत्त्वपूर्ण गतिविधिहरु जस्तैः रोपण, गोडमेल, मलजल, बिषादीको प्रयोग आदिको अनुसूची-७ बमोजिम अभिलेख राखिएको हुनुपर्नेछ।

## परिच्छेद-७
## दावी सम्बन्धी प्रक्रिया

२४. क्षतिको सूचनाः (१) यस बीमालेखले रक्षावरण गरेको जोखिमहरुका कारणबाट खाद्यान्न बालीको क्षति भएमा क्षति भएको तीन दिन भित्र बीमितले बीमकलाई टेलिफोन, एसएमएस, लिखित पत्र, ईमेल, फ्याक्स वा अन्य कुनै माध्यमबाट सोको जानकारी गराउनु पर्नेछ।

२५. दावी सम्बन्धी प्रक्रियाको लागि आवश्यक कागजातहरूः (१) बीमितबाट क्षतिको सूचना प्राप्त गरेपछि दावी भुक्तानी प्रक्रियाको लागि बीमकले बीमितसंग देहाय बमोजिमको कागजातहरू माग गर्नु पर्नेछः

(क) पूर्ण रूपले भरिएको दावी फाराम,

(ख) पूर्ण क्षतिको हकमा सक्कल बीमालेखको प्रति र आंशिक क्षतिको हकमा बीमालेखको छाँयाप्रति,

(ग) सर्जमिन मुचुल्का (मुचुल्कामा कम्तीमा ५ जना व्यक्तिको हस्ताक्षर र हस्ताक्षर गर्ने सबैको नाम, थर, ठेगाना र सम्पर्क नम्बर समेत खुलेको हुनु पर्ने),

(घ) स्थानीय तहको वडा कार्यालयको कृषि सम्बन्धी सेवा दिने प्राविधिक वा शाखा र त्यस्तो सेवा दिने शाखा नभएको अवस्थामा वडा कार्यालयको सिफारिस,



CS CamScanner

(ङ) सम्बन्धित बीमालेखमा उल्लेख भए बमोजिमको अद्यावधिक अभिलेखको प्रति।

(२) दावी भुक्तानीका लागि बीमकले बीमालेख बमोजिमका अन्य आवश्यक कागजात माग गर्नुपर्ने भएमा उपनिर्देशन (१) बमोजिमका कागजातहरू संगै माग गर्नु पर्नेछ।

२६. दावीः खाद्यान्न बाली खेतीको दावी अनुसूची- ८ बमोजिम दावी भुक्तानी तालिकाको आधार लिई गरिनेछ।

२७. दावी फछर्यौटः (१) बीमकले आफू समक्ष परेको खाद्यान्न बाली क्षतिको बीमा दावीको तत्काल छानबिन प्रक्रिया प्रारम्भ गर्नुपर्नेछ।

(२) बीमा दावी सम्बन्धी जानकारी वा सूचना प्राप्त भएपछि बीमकले दावी भुक्तानी प्रक्रिया पूरा गर्न बीमितलाई सहयोग गर्नु पर्नेछ।

(३) बीमकले उपनिर्देशन (१) बमोजिम खाद्यान्न बाली खेती बीमाको दावी सम्बन्धी आवश्यक कागजात प्राप्त भएपछि (बीमक आफैंले क्षति मूल्याङ्कन गर्ने अवस्थामा बाहेक) बीमितले क्षतिको जानकारी दिएको बढीमा सात दिन भित्र क्षति मूल्याङ्कनकर्तालाई खटाउनु पर्नेछ।

(४) क्षति मूल्याङ्कनकर्ताले बीमा गरिएको वस्तुको क्षति स्पष्ट देखिने गरी विभिन्न कोणबाट आफैंले खिचेको कम्तीमा पाँच वटा स्थिर फोटो र कम्तीमा एक मिनेटको भिडियो क्लिप अनुसूची-९ बमोजिम क्षति मूल्याङ्कन प्रतिवेदनसङ्गै संलग्न गरेको हुनुपर्नेछ।

तर क्षति मूल्याङ्कनकर्ताले परिस्थितिजन्य अवस्थामा क्षतिको फोटो र भिडियो क्लिप आफैले खिच्न नसकेको अवस्थामा बीमितले खिचेको सम्बन्धित क्षतिको कम्तीमा पाँच वटा स्थिर फोटो र कम्तीमा एक मिनेटसम्मको भिडियो क्लिप समावेश गर्न सकिनेछ।

(५) क्षति मूल्याङ्कनकर्ताले आफूलाई क्षति मूल्याङ्कन गर्न खटाएको पन्ध्र दिन भित्र भौतिक वा विद्युतीय स्वरूपमा क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी बीमक समक्ष पेश गर्नु पर्नेछ।

(६) क्षति मूल्याङ्कनकर्ताले गलत मूल्याङ्कन गरेको वा यस बीमालेखको वर्खिलाप हुने गरी कुनै कार्य गरेको पाइएको खण्डमा बीमकले प्राधिकरणको स्वीकृतिमा पुनः अर्को मूल्याङ्कनकर्तालाई क्षति मूल्याङ्कनका लागि खटाउन सक्नेछ।

(७) बीमक आफैंले क्षति मूल्याङ्कन गर्न सक्ने अवस्थामा समेत उपनिर्देशन (५) बमोजिमको अवधि भित्र क्षति मूल्याङ्कन गरी अनुसूची -९ बमोजिम क्षति मूल्याङ्कन प्रतिवेदन संलग्न गरेको हुनुपर्नेछ।

(८) क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेको पैंतीस दिन भित्र बीमकले दायित्व एकिन ठहर गरी बीमितलाई दावी भुक्तानी गर्नु पर्नेछ र बीमितले दावी बापत रकम नपाउने रहेछ भने कारण सहित बीमितलाई लिखित जानकारी दिनु पर्नेछ।

(९) उपनिर्देशन (८) बमोजिम बीमकले दावी भुक्तानी गर्दा घटना घटेको समयमा भएको वास्तविक क्षति वा बीमाङ्क रकम जुन कम हुन्छ सो बराबरको रकम मात्र दावी भुक्तानी गर्नु पर्नेछ।



CamScanner

## परिच्छेद -८

## विविध

२८. अधिकः यस बीमालेख अन्तर्गत दावी योग्य रकमको १० (दश) प्रतिशत वा रू. १०,००० (दश हजार) मध्ये जुन कम हुन्छ सो रकम घटाएर बीमा दावी भुक्तानी गरिनेछ।

२९. न्यूनतम क्षेत्रफल: (१) खाद्यान्न बाली खेती सम्बन्धमा बीमितले सुरक्षण गर्न पाउने बालीको न्यूनतम क्षेत्रफल पहाडमा चार आना र तराईमा आधा कठ्ठा हुनु पर्नेछ।

(२) उपनिर्देशन (१) बमोजिम बीमा गरिने सम्पत्ति भएको जग्गाको कित्ता नं. र कित्ता नं. नभएको जग्गा वा ऐलानी जग्गा भएमा उक्त जग्गाको अवस्थिति यकिन हुने चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं. लगायतका प्रमाण लिनु पर्नेछ।

३०. बिबाद समाधानः (१) देहायको अवस्था आइपरेमा बीमितले विस्तृत विवरण खुलाई नेपाल बीमा प्रधिकरणमा उजुरी दिन सक्नेछः

(क) बीमकले दावी वापतको निवेदन अस्वीकार गरेमा,
(ख) बीमकले दावी वापतको रकम दिन अस्वीकार गरेमा वा,
(ग) बीमकले बीमितलाई भुक्तानी गर्न लागेको दावी वापतको रकम कम भएको भन्ने बीमितलाई लागेमा वा ,
(घ) बीमित वा बीमालेख धारक बाहेक अन्य पक्षलाई दावी वापतको रकम भुक्तानी गर्न आँटेमा वा भुक्तानी गरेमा,
(ङ) बीमा दावी सम्बन्धमा अन्य कुनै विवाद उत्पन्न भएमा।

(२) बीमा दावी सम्बन्धमा प्राधिकरणले दिएको आदेशमा चित्त नबुझेमा ३५ (पैंतीस) दिन भित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।



CS CamScanner

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**
**अनुसूची -१**
**(निर्देशन ६ सँग सम्बन्धित)**
**खाद्यान्न बाली बीमाको प्रस्ताव फाराम**

(१) खाद्यान्न बाली बीमा प्रस्तावक (व्यक्ति वा संस्था) को नामः............................................

(२) पूरा ठेगानाः

प्रदेश..................जिल्ला...................पालिका.................  वडा नं................

टोलः ................... मोबाइल नं. .........................फोन नं. ...................ईमेल.........................................

(३) पेशाः..........................................................

(४) खाद्यान्न बालीको किसिम : (चिनो लगाउनुहोस्)

धान [ ] मकै [ ] गहुँ [ ] जौ [ ] कोदो [ ]

(५) खाद्यान्न बाली लगाइएको क्षेत्र

(क) तराई, भित्रि मधेश र वेशी ( ) (ख) पहाड वा उच्च पहाड ( ) (ग) हिमाली भेग ( )

(६) तल उल्लिखित विवरण तालिकामा भर्नुहोस्:-

| क्र.सं. | खाद्यान्न बालीको नाम | खाद्यान्न बालीको जात | विउ दर प्रति हेक्टर | जम्मा क्षेत्रफल | बीमा गरिएको खाद्यान्न बालीको जातको उत्पादन | | नेपाल सरकारद्वारा तोकिएको न्यूनतम समर्थन मुल्य (प्रति मे. टन) |
|---|---|---|---|---|---|---|---|
| | | | | | अघिल्लो बर्षको जिल्लाको औषत उत्पादकत्त्व (मे. टन/हे.) | अघिल्लो बर्ष भएको उत्पादन मे. टन /हे. (अघिल्लो बर्ष खेती गरेको भए) | |
| | | | | | | | |
| | | | | | | | |



CamScanner

(७) खाद्यान्न बाली लगाईएको स्थानको पूर्ण विवरण तथा ठेगानाः

प्रदेश.................जिल्ला..................पालिका ...............वडा नं. ................टोलः..................

कित्ता नं. ..................... जग्गाको क्षेत्रफलः.................................

चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं........................ (ऐलानी जग्गाको हकमा)

(८) खाद्यान्न बाली खेती व्यक्तिगत वा सामूहिक के हो खुलाउनुहोस?

(९) सामूहिक भए निम्न विवरण भर्नुहोस्ः

समूह वा बीमालेख धारकको नामः ..........................................

खाद्यान्न बाली लगाइएको स्थान............................................

ठेगानाः प्रदेश...................जिल्ला...................पालिका.................. कित्ता नं.................. जग्गाको क्षेत्रफलः.................................

चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं. (ऐलानी जग्गाको हकमा) ..............वडा नं. ........टोलः........

फोन नं......................... मोबाइल नं. ........................ इमेल................................................

(१०) खाद्यान्न बाली रोपण गरेको मितिः ........................(ब्याड/नर्सरी राखेर गरिने बालीको हकमा ब्याड/नर्सरी राखेको मितिः.............. )

(११) खाद्यान्न बाली लगाउनु पूर्व लगाएको बालीको विवरण ........................

(१५) सिंचाईको उपलब्धता भए/नभएको उल्लेख गर्नुहोस् ..........................

(१६) प्रति हेक्टर बालीमा मलखाद प्रयोगको स्थितिः

कम्पोष्ट मल (के.जी.) ...........................

युरीया (के.जी.) .....................

डी.ए.पी. (के.जी.) .......................

पोटास (के.जी.) .........................

अन्यः ..............................

(१७) खेतीका लागि प्राविधिक सर-सल्लाह कहाँबाट प्राप्त गर्नु भएको छ ? ...............................

(१८) खाद्यान्न बाली खेती सम्बन्धी तालिम लिनुभएको छ ? यदि छ भने तालिम दिने संस्थाको नाम, तालिमको अवधि र मिति उल्लेख गर्नुहोस्।

.............................................................................................................................................................

(१९) कृषिजन्य सुविधाहरु प्राप्त गर्नु भएको छ? यदि छ भने कहाँबाट के के प्राप्त गर्नुभएको छ?

.............................................................................................................................................................

.............................................................................................................................................................



CamScanner

(२०) तपाईले यस अघि गर्नु भएको बालीमा किरा वा रोग लागेको थियो ? यदि थियो भने, कति रकम बराबरको क्षति भएको थियो ?

......................................................................

(२१) यदि किरा वा रोगबाहेक अन्य कारणबाट क्षति भएको थियो भने निम्न विवरण भर्नुहोस्ः

| **वर्ष** | **क्षतिको कारण** | **क्षतिको परिमाण** |
|---|---|---|
| | | |

(२२) यस अघि कुनै बीमा कम्पनीमा खाद्यान्न बालीको बीमा भएको भए सो बीमकको नाम र कति बीमाङ्क बराबरको बीमा भएको हो ? उल्लेख गर्नुहोस् ।

| **बीमकको नाम** | **बीमाङ्क रकम** | **प्राप्त दावी भुक्तानी रकम** |
|---|---|---|
| | | |

(२३) कुनै बैंक वा वित्त कम्पनी वा सहकारीले उक्त खाद्यान्न बाली खेतीमा लगानी गरेको छ? छ भने उक्त बैंक वा वित्त कम्पनी वा सहकारी वा अन्य कुनै समूहको निम्न विवरण उल्लेख गर्नुहोस्ः

नाम/ठेगानाः ..................................................................

प्रदेश..................जिल्ला...................पालिका..................................वडा नं.................टोलः....................

फोन नं./ मोबाइल नं...............................

लिएको वा लिन सम्झौता गरेको ऋणको रकमः रु........................ अक्षेरेपी (...................................................................)

म/हामी माथि उल्लेखित प्रश्नहरुको उत्तर सत्य भएको, खाद्यान्न बाली खेतीबारे यथार्थ ढङ्गले वर्णन गरिएको व्यहोरा प्रत्याभूत गर्दछु/गर्दछौं । मैले/हामीले बीमासङ्ग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य लुकाएको, छिपाएको छैन । यो प्रस्ताव बीमक र म/हामी बीच हुने सम्झौताको आधार हुने कुरा स्वःघोषणा गर्दछु/गर्दछौं । यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुठ्ठा भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला बुँझुला ।

**प्रस्तावकको**

हस्ताक्षरः

नाम (संस्था वा व्यक्तिगत):

संस्था भए संस्थाको छापः

संस्थाको हकमा संस्थाको आधिकारिक प्रतिनिधिको नाम:

मितिः



CamScanner

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**
**अनुसूची -२**
**(निर्देशन ७ सँग सम्बन्धित)**
**प्राविधिकको जाँच सिफारिसपत्र**

**(प्रस्ताव फारम साथ संलग्न हुनु पर्ने)**

(१) खाद्यान्न बाली खेती प्रस्तावकको (व्यक्ति वा संस्था) को नामः...........................................................

(२) पूरा ठेगानाः प्रदेशः................................जिल्ला. ....................पालिका..................वडा नं. ................

टोलः.................... फोन नं. ................. मोबाइल नं. ................................ ईमेल...................................

(३) पेशाः ..................

(४) खाद्यान्न बालीको किसिमः धान ☐ मकै ☐ गहुँ ☐ जौ ☐ कोदो ☐

(५) खाद्यान्न बालीको जातः ................................, सिफारिस क्षेत्रः................................

(६) बीमाको लागि प्रस्तावित क्षेत्रफल ....................................................

(७) खाद्यान्न बाली लगाईएको स्थानको पूर्ण विवरणः

प्रदेशः.............................जिल्ला......................पालिका..................................................................

वडा नं. ............... टोलः................कित्ता नं. ....................

(ऐलानी जग्गाको हकमा ) चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं. ……….

(८) खाद्यान्न बाली लगाईएको जग्गाको भौगोलिक अवस्थितिः-

(क) भौगोलिक क्षेत्र

(क) तराई, भित्रि मधेश र वेशी ( ) (ख) पहाड वा उच्च पहाड ( ) (ग) हिमाली भेग ( )

(ख) समुन्द्र सतहबाट खाद्यान्न बाली खेती गरिएको जग्गाको उचाईः .................

(ग) जग्गाको मोहडाः.................

(घ) सिंचाईको स्रोत: कुलो/बोरीङ ☐ आकाशे पानीका भर ☐

(९) प्रति एकाई क्षेत्रफलमा(कठ्ठा/हेक्टर) प्रयोग गरिएको मलखादको मात्रा ...................................

(१०) खाद्यान्न बाली लगाएको जग्गामा कुनै रोग/किराको संक्रमण देख्नु भएको छ ? यदि छ भने कुन रोग वा किराको संक्रमण देखिएको छ उल्लेख गर्नुहोस। ...............................................................

(११) त्यस क्षेत्रमा विगतमा खाद्यान्न बाली खेतीमा कुनै संक्रामक रोग वा किरा लागेको थियो? यदि थियो भने कहिले कुन रोग वा किराबाट क्षति भएको हो? उल्लेख गर्नुहोस् .............................................................

(१२) खाद्यान्न बाली खेतीको जोखिमलाई स्वीकार गर्न नमिल्ने अरु कुनै जानकारी छ ? यदि छ भने त्यसको विवरण दिनुहोस् । ......................................................................................................................................................

(१३) खाद्यान्न बाली खेतीको जोखिम स्वीकार गर्न कम्पनीलाई के सुझाव दिन चाहनुहुन्छ ?



CamScanner

..........................................................................................................................................................................

...................................................................................................................

(१४) खाद्यान्न बालीको खेती बीमायोग्य छ वा छैन भन्ने निर्णय गर्नका लागि थप प्राविधिक जाँच गर्नुपर्ने ठान्नुहुन्छ ? ........................ ठान्नुहुन्छ भने कुन जाँच गर्नु उपयुक्त हुन्छ ?.......................................

(१५) यदि जाँच गरेको भए कागजात संलग्न गरी खाद्यान्न बाली खेती बीमा गर्न मिल्ने वा नमिल्ने राय दिनुहोस् ।

.........................................................................................................................................................

(१६) खाद्यान्न बाली खेतीको जोखिम स्वीकार गर्न कम्पनीलाई के सुझाव दिन चाहनुहुन्छ ?

...........................................................................................................................................................

यस अनुसूचीमा उल्लेखित खाद्यान्न बाली खेतीको मैले ध्यानपूर्वक प्राविधिक जाँच गरेँ । प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही र तथ्यपरक छन् भन्ने कुरा सिफारिस गर्दछु । यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुठ्ठा भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला बुँझुला ।

| दायाँ | बायाँ |
| --- | --- |
| | |

**प्राविधिकको**

नाम (व्यक्तिगत वा संस्थागत)

सहीः

ठेगानाः

मितिः

फोन/मोबाईल नं.

प्रमाणपत्र जारी गर्ने संस्थाः

प्रमाणपत्र नं.

कोड नं/ दर्ता नं.

संस्थाको हकमा कार्यालयको छापः

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -३**

**(निर्देशन ७ (२) सँग सम्बन्धित)**

**प्राविधिकको पुनः जाँच परीक्षण तथा निरीक्षण प्रतिवेदन**

(१) खाद्यान्न बालीको बीमा गर्ने बीमित (व्यक्ति वा संस्था) को नामः..........................................................

(२) खाद्यान्न बालीको किसिमः धान ☐ मकै ☐ गहुँ ☐ जौ ☐ कोदो ☐

(३) खाद्यान्न बालीको जातः .........................,

(४) खाद्यान्न बालीको बीमालेख नं.

(५) बीमा गरिएको अवधिः

(६) खाद्यान्न बाली लगाइएको स्थानः

प्रदेशः................................जिल्ला. ....................पालिका...................वडा नं. ..............................

टोलः....................

(७) खाद्यान्न बालीको क्षेत्रफलः

(८) खाद्यान्न बालीको उमेर (रोपण गरेपछिको)..........

(९) खाद्यान्न बालीको उचित स्याहारः

(क) मलखादको प्रयोग गरेको वा नगरेको ......................
(ख) मलखादको विवरण ......................
(ग) सिँचाई गरेको वा नगरेको ............................
(घ) सिँचाईको अन्तराल ..................................
(ङ) सिंचाईको अवस्था (धानबालीको हकमा) ..................................
(च) रोग र किरा लागेको वा नलागेको .............................................
(छ) रोग तथा किरा लागेको भए उपचार गरेको वा नगरेको .................
(ज) रोग वा किरा लागेको बारे बीमितलाई थाहा भएको वा नभएको ..............................
(झ) रोग तथा किरा सम्बन्धी प्राविधिक सल्लाह लिएको वा नलिएको .............................
(ञ) सटिइएको जग्गामा रोग तथा किराको प्रकोप देखिएको भए उल्लेख गर्ने ...................................

(१०) प्राविधिकले पुनः परीक्षण गर्ने दिनको बालीको पूर्ण विवरण

.......................................................................................................................................................................
.......................................................................................................................................................................

(११) खाद्यान्न बालीको निरीक्षणको क्रममा देखिएका कैफियत सम्बन्धमा बीमितलाई दिनुपर्ने राय तथा सुझाव।

.......................................................................................................................................................................
.............................................................................................................................

(१२) खाद्यान्न बालीको निरीक्षणको क्रममा देखिएका कैफियत सम्बन्धमा बीमकलाई दिनुपर्ने राय तथा सुझाव।



CamScanner

..................................................................................................................................................................................

..............................................................................................................................

यस अनुसूचीमा उल्लेखित खाद्यान्न बालीको मैले पुनः जाँच निरीक्षण गरें। प्रस्तुत विवरण तथा उत्तरहरु मेरो निरीक्षणको क्रममा देखिएका सही र तथ्यपरक छन् भन्ने कुरा सिफारिस गर्दछु। यस प्रतिवेदनमा लेखिएका व्यहोरा ठिक, साँचो छ, झुठ्ठा भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला बुँझुला।

| ल्याप्चे छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

**<u>प्राविधिकको</u>**

नाम (व्यक्तिगत वा संस्थागत)

सहीः

ठेगानाः

मितिः

फोन/मोबाईल नं.

प्रमाणपत्र जारी गर्ने संस्थाः

प्रमाणपत्र नं.



CamScanner

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**
**अनुसूची -४**
**(निर्देशन १८ सँग सम्बन्धित)**

**खाद्यान्न बालीको बीमाङ्क निर्धारण तालिका**

| खाद्यान्न बालीको किसिम | खाद्यान्न बालीको जात | खाद्यान्न बाली लगाइएको क्षेत्रफल | ......... जिल्लाको उत्पादकत्त्व (मे. टन /हेक्टर) | समर्थन मूल्य (रू/ मे. टन) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**द्रष्टव्य**:-(१) उत्पादकत्त्व भन्नाले नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्रत्येक बर्ष प्रकाशित हुने अघिल्लो बर्षको बाली विशेषको जिल्ला अनुसारको उत्पादन प्रति हेक्टरलाई बुझिनेछ।

(२) मूल्य रू/ मे. टन भन्नाले नेपाल सरकारले अघिल्लो बर्ष सिफारिस गरेको बाली अनुसारको न्यूनतम समर्थन मूल्यलाई मानिनेछ तर न्यूनतम समर्थन मूल्य नतोकिएको खण्डमा किसानले उत्पादनस्थलमा पाउने मूल्य मानिनेछ।

(३) उत्पादनस्थल मूल्य उत्पादक किसान, बीमक र उत्पादनस्थलमा रहेको स्थानीय निकायको कृषि शाखासंग आपसी समन्वयमा तय गरे अनुसार हुनेछ।



CamScanner

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची-५**

**(निर्देशन १९ सँग सम्बन्धित)**

**खाद्यान्न बालीको विस्तृत विवरण तथा गणना तालिका**

| | |
|---|---|
| खाद्यान्न बाली बीमा प्रस्तावकको (व्यक्ति वा संस्था) नामः<br>नागरिकता नं./संस्थाको हकमा दर्ता नं.:<br>नागरिकता जारी गरिएको जिल्ला/संस्थाको हकमा संस्था दर्ता भएको स्थान..........<br>नागरिकता जारी गरिएको मितिः<br>गैर नेपाली नागरिकको हकमा परिचय पत्र नं.<br>किसिम तथा नम्बर....................<br>गैर नेपाली नागरिकको हकमा परिचय पत्र जारी गर्ने संस्था....................<br>गैर नेपाली नागरिकको हकमा परिचय पत्र जारी भएको मिति ....................<br>व्यक्ति/ संस्था वा फर्मको दर्ता भएको ठेगानाः<br>संस्थाको हकमा प्यान नं.<br>प्रस्तावकको ठेगानाः<br>प्रदेशः.....................जिल्ला..................................<br>पालिका....................वडा नं. ............<br>टोल...................घर नं. .........<br>फोन नं. ..............................मोबाइल नं. ..........................<br>ईमेल ठेगाना............................ | बीमालेख नं.<br><br>अभिकर्ताको नामः<br><br>अभिकर्ता ईजाजतपत्र नंः.<br><br>प्राविधिकको नाम तथा सम्पर्क नं.:<br><br>प्राविधिकको कोड नंः.<br><br>बीमालेख जारी मितिः<br><br>बीमालेख जारी समयः<br><br>बीमालेख जारी स्थानः<br><br>नगदी बीजक जारी मिति तथा समय:<br><br>नगदी बीजक नंः.<br><br>बीमाङ्क रकम रुः |
| **(खुलाउनु पर्ने)**<br>प्रस्तावित खाद्यान्न बालीको किसिमः ....................<br><br>छरेको वा रोपण गरेको मिति.....................<br><br>क्षेत्रफल ...................................<br><br>जातः.................................<br><br>बीमा प्रारम्भ मितिः ...............<br><br>बीमा समाप्ति मितिः............................<br><br>बीमा अवधिः ................. | **बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको हकमा**<br>बैंक तथा वित्तीय संस्थाको नाम तथा ठेगानाः<br>ऋणको रकम:<br>ऋणको अवधि:<br><br>**खाद्यान्न बाली लगाइएको स्थानः**<br>प्रदेशः...................................जिल्ला............<br>पालिका...................वडा नं. ...................... टोल................<br>कित्ता नं ...........<br>चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं ...................... . (ऐलानी जग्गाको हकमा) |



CamScanner

**इच्छाईएको व्यक्तिको**

नाम, थरः

बीमित र इच्छाईएको व्यक्तिको बीचको नाताः

इच्छाईएको व्यक्तिको बा/आमाको नामः

ठेगाना.................

मोबाईल नं. ..............

ईमेल ...........................

<table>
<tr><th colspan="6">खाद्यान्न बाली बीमा गणना तालिका</th></tr>
<tr><th>बाली लगाइएको क्षेत्रफल</th><th>उत्पादकत्त्व (........ जिल्लाको)</th><th>समर्थन मुल्य रु</th><th>बीमाङ्क रकम</th><th>बीमाशुल्क</th><th>जम्मा बीमाशुल्क</th></tr>
<tr><td rowspan="2">.........हेक्टर</td><td rowspan="2">......... मे. टन/हेक्टर</td><td rowspan="2">..........प्रति मे. टन</td><td rowspan="2"></td><td>बीमाङ्क रकमको पाँच (५) प्रतिशत (धान, मकै, गहुँ) .............</td><td rowspan="2">रु. "क"</td></tr>
<tr><td>बीमाङ्क रकमको पाँच (३) प्रतिशत (जौ, कोदो ) .............</td></tr>
<tr><td colspan="3">प्रत्यक्ष छुट (प्रतिशत खुलाउने)</td><td colspan="2">(.....% ) =</td><td>रु. "ख"</td></tr>
<tr><td colspan="3">छुट पछिको बीमाशुल्क</td><td colspan="2">प्रत्यक्ष छुट भएमा (क – ख) =<br>छुट नभएको हकमा (क – ०) =</td><td>रु. "ग"</td></tr>
<tr><td colspan="3">नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम</td><td colspan="2">अनुदान बापत ( ग ×… % ) =</td><td>रु. "घ"</td></tr>
<tr><td colspan="3">बीमितले तिर्ने (ग – घ )</td><td colspan="2">=...................</td><td>रु. "ङ"</td></tr>
<tr><td colspan="3">बीमितले दुर्घटना बीमा बापत तिर्नुपर्ने बीमाशुल्क</td><td>बीमितको सङ्ख्या "अ" ..........</td><td>बीमाशुल्क (रु ५००) "आ" .........</td><td>(अ × आ) रू. "च" .........</td></tr>
<tr><td colspan="4">बीमितले तिर्नुपर्ने जम्मा बीमाशुल्क</td><td colspan="2">ङ + च = रु. ……</td></tr>
</table>

**बीमालेख स्वीकृत गर्ने अधिकारीको**

हस्ताक्षरः

नामः

पदः

मितिः



CamScanner

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -६**

**(निर्देशन२१ को उपनिर्देशन (४) सँग सम्बन्धित)**

**खाद्यान्न बालीको सामूहिक बीमा विस्तृत विवरण**

**बीमालेख धारक संस्थाको नाम: ... ... ...**
**बीमालेख धारकको ठेगानाः ... ... ...**
**बीमालेख नं.: ... ... ... ... ... ... ... ... ...**

| क्र.स. | बीमितको नाम | ठेगाना | सम्पर्क नं. | बीमा गरिएको क्षेत्रफल | बीमा गरिएको बाली र जात | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**संस्थाको प्रतिनिधिको**

हस्ताक्षरः
नामः
पदः
संस्थाको प्यान नं.
छापः
मितिः



CamScanner

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -७**

**(निर्देशन २३ (घ) सँग सम्बन्धित)**

**खाद्यान्न बाली सम्बन्धी अभिलेखहरू**

**(१) खाद्यान्न बाली खेती गर्दाका महत्वपूर्ण गतिविधिहरूको विवरण**

| क्रियाकलापहरू | क्रियाकलाप गरिएको मिति | विवरण | कैफियत |
|---|---|---|---|
| नर्सरी/ब्याड राख्ने | | | |
| बिरुवा रोपण | | | |
| सिंचाई | | | |
| मलखाद | | | |
| गोडमेल | | | |
| बाली संकलन | | | |
| अन्य | | | |



CamScanner

(२) रोपणको लागि प्रयोग गरिने बिउको विवरण

| क्र. सं. | बिउ प्राप्त गरेको मिति | बीउको स्रोत | | जात | कैफियत |
|---|---|---|---|---|---|
| | | आफै तयार गरेको/छिमेकीबाट लिएको नाम तथा ठेगाना | एग्रोभेट/बिउ वितरक तथा कम्पनीको नाम तथा ठेगाना | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(४) विषादीको प्रयोग

| बिषादी प्रयोग गरेको मिति | विषादीको नाम/प्रकार | परिमाण | विषादीको स्रोत (आफैंले बनाएको/ एग्रोभेटबाट खरिद गरेको भए नाम तथा ठेगाना ) | खरिद गरेको भए | | कुल लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | बिषादी खरिद गरेको मिति | बिल नं. | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |



CS CamScanner

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**
**अनुसूची- ८**
**(निर्देशन  २६ सँग सम्बन्धित)**
**खाद्यान्न बाली बीमा दावी भुक्तानी तालिका**

| महिना (बीमा गरेपछि) | बीमाङ्कको प्रतिशत (४ महिना भित्र तयार हुने बालीको हकमा) | बीमाङ्कको प्रतिशत (६ महिना भित्र तयार हुने बालीको हकमा) | बीमाङ्कको प्रतिशत (७ महिना भित्र तयार हुने बालीको हकमा) | बीमाङ्कको प्रतिशत (११ महिना भित्र तयार हुने बालीको हकमा) |
|---|---|---|---|---|
| पहिलो महिना | ५० प्रतिशत | ५० प्रतिशत | ५० प्रतिशत | ५० प्रतिशत |
| दोस्रो महिना | ८० प्रतिशत | ६० प्रतिशत | ५० प्रतिशत | ५० प्रतिशत |
| तेस्रो महिना | ९० प्रतिशत | ७० प्रतिशत | ६० प्रतिशत | ६० प्रतिशत |
| चौथो महिना | १०० प्रतिशत | ८० प्रतिशत | ७० प्रतिशत | ६० प्रतिशत |
| पाचौ महिना | | ९० प्रतिशत | ८० प्रतिशत | ७० प्रतिशत |
| छैठौ महिना | | १०० प्रतिशत | १०० प्रतिशत | ८० प्रतिशत |
| सातौ महिना | | | १०० प्रतिशत | ८० प्रतिशत |
| आठौं महिना | | | | १०० प्रतिशत |
| नवौं महिना | | | | १०० प्रतिशत |
| दशौं महिना | | | | १०० प्रतिशत |
| एघारौं महिना | | | | १०० प्रतिशत |



CamScanner

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची- ९**

**(निर्देशन २७ को उपनिर्देशन ४ र ७ सँग सम्बन्धित)**

**खाद्यान्न बालीको क्षति मूल्याङ्कन प्रतिवेदन**

१. क्षति मूल्याङ्कनका लागि तोक्ने बीमकको नामः..........................................................
क्षति मूल्याङ्कनको लागि प्राप्त पत्रको चलानी नं. तथा मिति .............

२. क्षति मूल्याङ्कनकर्ता (व्यक्ति वा संस्था) को नामः.......................................................................................
प्यान (PAN) नं. .............................. कोड नं..... ..............................................
फोन नं. ............... मोबाइल नं...................... इमेल ...........................

३. क्षति मूल्याङ्कन गर्ने लागेको स्थानको पूरा ठेगानाः
प्रदेशः...................जिल्ला...............पालिका ...................वडा नं.............
टोलः....................
क्षति मूल्याङ्कन गर्न खटाईएको मितिः...............................
क्षति मूल्याङ्कनका लागि लागेको अवधि:
क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरिएको मितिः .....................

४. **दावी कर्ताको विवरणः**
बीमा दावी कर्ताको नामः ..........................................
ठेगानाः .............................................
बीमालेख नं. ................................................
क्षति भएको बीमाको किसिमः आंशिक ☐ पूर्ण ☐

५. **क्षति सम्बन्धी विवरणः**
क्षति भएको मितिः ...........................................
क्षति भएको समयः ...........................................
क्षति मूल्याङ्कन गरिएको खाद्यान्न बाली खेती भएको स्थानः ..........................................
प्रदेशः.................. जिल्लाः .......................पालिका.........................वडा नं. ........................
टोलः......................कित्ता नं. ..............
चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं. (ऐलानी जग्गाको हकमा) .................

६. **खाद्यान्न बाली क्षति हुनुको कारणः**
...........................................................................................................................................
...........................................................................................................................................

७. **क्षति भएको खाद्यान्न बालीको विवरण:**
...........................................................................................................................................

**७.१ खाद्यान्न बाली बीमाको क्षति मूल्यांकन।**

| ............... बाली उत्पादनमा भएको क्षतिको मूल्याङ्कन | |
|---|---|
| **विवरण** | **गणना** |
| बीमा भएको बालीको क्षेत्रफलः | ............................. (हेक्टर) |
| क्षति भएको बालीको क्षेत्रफलः | .............................. (हेक्टर) |



CamScanner

| | |
|---|---|
| बालीको जिल्ला अनुसारको उत्पादकत्व (अघिल्लो बर्षको) | .................................. (मे. टन प्रति हेक्टर) |
| बालीको प्रति टन समर्थन मूल्य रु (अघिल्लो बर्षको) | ............................ |
| कुल क्षति मूल्य रू | (क्षति भएको खाद्यान्न बाली खेतीको क्षेत्रफल (हेक्टर) × प्रति हेक्टर बालीको अघिल्लो बर्षको उत्पादन मे. टनमा (.........जिल्लाको) × प्रति मे. टन बालीको समर्थन मुल्य× वास्तविक क्षति प्रतिशत) / १०० |
| अधिक रकम (रू. १०,००० वा दाबी रकमको १० % (दश प्रतिशत) मध्ये जुन कम हुन्छ) | .......................... |
| **खुद क्षति रकम रू.** | (कुल क्षति मूल्य रू. – अधिक रकम रू.)<br>= रू ............... |

**द्रष्टव्य**:- वास्तविक क्षति प्रतिशत अनुसूची ९ बमोजिम हुनेछ।

८. स्थिर फोटो संख्या (कम्तीमा पाँच वटा) .........................................................

९. कम्तीमा एक मिनेटको भिडियो क्लिपः .............................................

माथि उल्लेखित खाद्यान्न बालीमा भएको क्षतिको सम्बन्धमा मूल्याङ्कन गर्दा लिइएको तोकिएको संख्यामा फोटो तथा भिडियो क्लिप संलग्न गरी क्षतिको मूल्याङ्कनको क्रममा प्राप्त भएका तथ्यगत जानकारी तथा विवरणहरू सबै ठीक र साँचो छन्। सोही अनुरूप बीमालेखको शर्त र सुविधा अनुसार निष्पक्ष मूल्याङ्कन गरेको स्व-घोषणा गर्दछु। यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला।

| क्षति मूल्याङ्कनकर्ताको ल्याप्चे छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

**क्षति मूल्याङ्कनकर्ताको**:

नामः ............................................

सम्पर्क नं............................................

कोड नं./

दर्ता नं./

तालिम इजाजतपत्र नं. .......................................

हस्ताक्षरः

संस्थाको हकमाः

प्यान नं. : ....................

मितिः .....................



CamScanner